"समृद्ध नगर : खुसी नगरवासी"
गुर्भाकोट नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
सुभाघाट, सुर्खेत

०८३-४१००७२
E-mail: info@gurbhakotmun.gov.np
Website: gurbhakotmun.gov.np

**विद्यालय अनुमति, तह तथा कक्षा थप सम्बन्धी सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड ज (२) तथा गुर्भाकोट नगर शिक्षा नियमावली २०७५ को परिच्छेद २ को अधिनमा रही यस नगरपालिका अर्न्तगत शैक्षिक सत्र २०७९ मा यस नगरपालिका भित्र विद्यालय सञ्चालन अनुमति लिन चाहने र सञ्चालनमा रहेका विद्यालयहरुले कक्षा थप गर्न तपसिल बमोजिमका कागजात सहित २०७८ फाल्गुण मसान्त भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा **ऐ. नियमावलीको अनुसूची १ को ढाँचामा निवेदन** पेश गर्न सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०७८/१०/२६
............
(पदम बहादुर वि.क.)
शिक्षा अधिकृत

**तपसिल :-**

१. जग्गाको लालपुर्जा वा जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्ष सम्मको लागि वहालमा दिने सम्बन्धमा भएको कवुलियतनामा पत्रको प्रमाणित प्रतिलिपी,
२. प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्शा,
३. सम्बन्धित वडा शिक्षा समिति वा वडाको सक्कलै सहमति पत्र,
४. तल्लो कक्षा वा तहको अनुमति पत्रको प्रमाणित प्रतिलिपी । (**तह कक्षा अपग्रेडका लागि मात्र**) ।
५. विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको विद्यालयको सक्कलै पत्र ।
६. नजिकका २ वटा विद्यालयको सहमतिपत्र ।
७. विद्यालयले पठन-पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्वारा सूचिकृत पाठ्यपुस्तकको विवरण ।
८. तोकिएबमोजिमको न्युनतम शिक्षक विवरण, निजहरुको नियुक्तिपत्र, नागरिकता, योग्यताका प्रमाणपत्र र अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपी ।
९. विद्यालयको स्रोतवाट तलव भत्ता खाने गरी कार्यरत शिक्षक, कर्मचारीको सेवा शर्त सम्बन्धी विनियमावलीको छायाँ प्रति ।
१०. संस्थापकको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी तथा Biodata ।
११. आ.व.२०७७।७८ को लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी । (**तह कक्षा अपग्रेडका लागि मात्र**) ।
१२. शिक्षा नियमावली २०५९ (संशोधन समेत) को अनुसूची ३ तथा गुर्भाकोट नगर शिक्षा नियमावली २०७५ को अनुसूची २ मा उल्लेखित पूर्वाधारहरु पूरा भएको पुष्टि हुने कागजपत्रहरु ।
१३. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपी ।
१४. सम्बन्धित निरीक्षण क्षेत्रका विद्यालय निरीक्षकको निरीक्षण प्रतिवेदन ।
१५. सामुदायिक विद्यालयको हकमा ५बर्ष सम्म सम्पूर्ण आर्थिक दायित्व व्यहोर्ने प्रतिबद्धता पत्र ।

**संस्थागत विद्यालयको हकमा आवश्यक थप कागजात**

१. विधान वा कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपी,
२. विद्यार्थीसँग लिने शुल्क विर्वरण तथा सम्बन्धित निकायले शुल्क प्रस्ताव समर्थन गरेको पत्रको प्रमाणित प्रतिलिपी,
३. छात्रवृत्ति प्रदान गरेको वि.व्य.स.को निर्णय सहितको छात्रवृत्ति पाउने विद्यार्थीको सूची,
४. आयकर दर्ता (स्थायी लेखा नं.) र कर तिरेको प्रमाणको प्रमाणित प्रतिलिपी (**तह कक्षा अपग्रेडका लागि मात्र**) ।